मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

☏ ०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :-
चलानी नं. :-

## धान बालीको उन्नत बीउ माग गर्ने सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मितिः २०८१/१२/१९**

मन्थली नगरपालिकाबाट आ.व. २०८१/८२ को संघीय सशर्त तर्फको खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८" बमोजिम खाद्यान्न बालीको उन्नत बीउ प्रयोगकर्ता कृषकलाई मूल्य अनुदान हुने व्यवस्था रहेकोले यस नगरपालिकाका कृषकहरुले व्यक्तिगत वा संस्थागत रुपमा आफूलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित धान बालीको जात र परिमाण खुलाई यो सूचना प्रकाशित भएको मितिले २१ दिन (मिति २०८२/०१/०८ गते) भित्र आवश्यक कागजातहरु सहित सम्बन्धित वडा कार्यालय, कृषि सेवा केन्द्र वा यस कार्यालयमा आवेदन पेश गर्नु हुन सूचित गरिन्छ।

**धान बालीको सिफारिस जात र जातीय विवरणः**

| जात | सिफारिस वर्ष (बि.सं.) | पाक्ने दिन | उत्पादन क्षमता (मे.टन/हे.) | सिफारिस क्षेत्र |
|---|---|---|---|---|
| मकवानपुर-१ | २०४४ | १५० | ४.३ | ढुङ्ग्रे कीराको प्रकोप भएको तराई। |
| सावित्री | २०३६ | १४० | ४.० | तराई र भित्री मधेश। |
| रामधान | २०६३ | १३०-१३७ | ४-७.२ | तराई, भित्री मधेश (शिवालिक उपत्यका, मकवानपुर, चितवन र नवलपरासी)। |
| सुख्खाधान-३ | २०६८ | १२२-१२५ | २.५-३.६ | पूर्वी तथा पश्चिमी तराई, भित्री मधेश तथा मध्य पहाडका ५०० मि. सम्मका वेशी तथा टार। |

**आवश्यक कागजातहरुः**

- कार्यक्रम माग गर्ने सम्बन्धी नगरपालिकाले तयार गरेको ढाँचा बमोजिमको निवेदन।
- नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि।
- जग्गा धनी पुर्जाको प्रतिलिपि।
- समूह/सहकारीको हकमा संस्थागत निर्णयको प्रतिलिपि।

प्रमुख प्रशासकीय अधिकृत